संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन




■ बर्ष-१५, ▶▶ अंक ३६६ ▶▶ साउन ९ शनिबार,२०७८, July–24 Saturday2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## आयोग खारेज नगर्न भुमि अधिकार मन्च्चको माग

❖ बुद्धि कुमार राई

*उदयपुर, असार ८*

राष्ट्रिय भूमि अधिकार मञ्च उदयपुरले पठायो प्रधानमन्त्रीलाई पत्रतत्कालिन नयाँ सरकारले भुमिहिन र अव्यवस्थित जनताहरुको बिपक्षमा निर्णय गरेको भन्दै जिल्ला भूमी अधिकार मञ्च उदयपुरले बिरोध जनाएको छ ।

सरकारले आयोग हटाउने निर्पय गेरको भन्दै राष्ट्रिय भूमि अधिकार मञ्च उदयपुरले पनि प्रधानमन्त्रीलाई यस्तो नगर्न सुझाव सहित पत्र पठाएको छ ।शुक्रबार जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाईलाई पत्र बुझाउँदै तत्कालै पत्र प्रधानमन्त्री कार्यालयमा पुराउन अनुरोध मञ्चले गरेको छ ।

मञ्चका जिल्ला उपाध्यक्ष गोमा राईको हस्तक्षर पत्र मञ्चका पूर्व जिल्ला संयोजक



फुर्तिमान राई, त्रियुगा नगर भूमि अधिकार मञ्चका अध्यक्ष बिमला सुनुवार लगायतले प्रशासनमा बुझाएको पत्र हो। केन्द्रमा ६१ सालमा गठन भएको यस आयोगले भूमिहिन र अव्यवस्थीत वसोवास गर्दै आईरहेको नेपाली जनताहरुको लागि काम गर्दै आईरहेको पत्रमा उल्लेख गरिएको छ ।

यस आयोगले लालपुर्जा वितरणको कामलाई प्रभावकारी बनाउने हिसावले लागत संकलन र नापीको कामलाई प्राथामिकतामा राखी काम गर्दै आईरहेका थिए ।देशैभर बाट ५९ जिल्लाले आयोग ख्यारेजको बिरोध गर्दै प्रशासन मार्फत प्रधानमन्त्रीलाई पत्र पठाएको मञ्चकी जिल्ला उपाध्यक्ष गोमा राईले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी सेढाईले सरकारले आयोगै ख्यारेज गर्न नसक्ने र यस्तो नगर्नु पर्ने बताउनुभयो । उहाँले जनताको लागि गठित अयोागमा यस्तो खालको सरकारले निर्णय गर्न नपर्ने बताउनुभयो ।सेढाईले पत्र तत्कालाई पठाउने आश्वासन पनि दिनुभएको छ । उहाँले सरकार फेरवदल हुँदा नेतृत्व फेरिन सक्छ तर आयोग नै भने ख्यारेज गर्न नसक्ने भन्दै पत्र पठाउने प्रतिवद्धता दिनुभयो । पत्र बिभिन्न पार्टी तथा दलहरुलाई पनि बुझाइएको छ।

## बेलबाट गाजासहित सुनसरीका युवा पक्राउ

❖ संवाददाता

*रामपुर, साउन ८*

सुनसरीका एक गाँजा व्यापारी उदयपुरबाट पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय रामपुरको टोलीले सुनसरीको बराहक्षेत्र नगरपालिका ६ चक्रघट्टीका बलराम यादवलाई गाँजासहित पक्राउ गरेको हो ।

इप, का रामपुरबाट खटेको टोलीले बेलका नगरपालिका ८ हात्तीसुँडेबाट शुक्रबार दिउँसो ४:३० बजे २९ वर्षीय यादवलाई गाँजासहित पक्राउ गरेको जनाएको छ । शंका लागेर खानतलासी लिँदा गाँजासहित यादव पक्राउ परेको इप्रकालाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

यादवको साथबाट १ किलो गाँजा बरामद भएको छ । पक्राउ यादवलाई बरामद गाँजासहित इप्रका रामपुरको हिरासतमा राखेर थप अनुसन्धान सुरु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

## निशेधाज्ञा खुकुलो, संक्रमण उकालो




❖ महेश्वर चाम्लिङ

*गाईघाट साउन ८*

निषेधाज्ञा खुकुलो भएसँगै उदयपुरमा कोरोना संक्रमणदर केही दिन यता पुन बढ्न थालेको छ । साउन ८ (शुक्रबार) थप एकतिस जनामा कोरोना भाइरसको संक्रमप पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार अठार जना पुरुष र तेह जना महिला गरी एकतिस जनामा संक्रमण पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या दुई हजार सात सय चौसथी जना पुगेको छ ।

स्वास्थ्य कार्यालयका अनुसार साउन ८ गते त्रियुगा र बेलका नगरपालिकामा संक्रमण पुष्टि भएको हो ।त्रियुगामा ११ जना पुरुष र १० जना महिला गरी २१ जनामा संक्रमण पुष्टि भएको छ ।

बेलकामा ७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।जिल्लामा साउन ८ गतै थप १९ जनाले कोरोना जितेर घर फर्किए सँगै कोरोना मुक्त हुनेको संख्या १ हजार ३३४ पुरुष र १ हजार १५६ महिला गरी २ हजार ४९० जना पुगेको छ । हाल जिल्लामा सक्रिय संक्रमितको संख्या १२५ पुरुष र ९७ महिला गरी २२२ जना रहेका छन् । जिल्लामा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ३६ पुरुष र १६ महिला गरी ५२ जना पुगेको स्वास्थ्य कार्यालयको तथ्याङकमा उल्लेख रहेको छ ।



## सम्पादकिय

# खानेपानी आयोजना अधिबेशन गर

उदयपुर जिल्लामा अहिले चालू अबस्थामा रहेका विभिन्न सङघज सस्थाहरु साधरणसभा अधिबेशनहरु स्थगित हुदा विभिन्न बिबादहरु सृजना भइरहेका छन । यसै अन्तर्गत त्रियुगा साना खानेपानी आयोजना पनि पर्दछ । बिबाद नै बिबादले भरियको सस्थामा खानेपानि आयोजना पनि पर्दछ । लामो ईतिहास रहेको त्रियुगा साना सहरी खानेपानी आयोजना तथा सरसफाइ समितीमा सबैको चासो उतिकै छ । त्रियुगा नगरपालिकाको वडा नम्बर १० बोक्से, वडा नम्बर ९ रातमाटे, वडा नम्बर ११ गाइघाट र वडा नम्बर १२ पुरानो गाइघाटमा आफ्ना उपभोक्ताहरु रहेको यस आयोजनामा सबै भन्दा बढी उपभोक्ता त्रिनपा १० बोक्सेका छन । बोक्सेमा धारको पानी खानुको बिकल्प छैन । खानेपानी आयोजनाको साधरणसभा र अधिबेशन समयमा हुन नसक्दा त्यसको प्रभाब प्रत्यक्ष रुपमा उपभोक्ताहरुमा पर्दछ । मानिसको दैनिक जीवन सङ्ग जोडियको खानेपानि स्वच्छ, गुणस्तर पानी उपभोक्तालाई बितरण गर्नु समितिको कर्तब्य हो । ती बाहेक अहिले दैनिक रुपमा खानेपानी को उपभोक्ताहरु बढिरहेका छन । बढेका उपभोक्ताहरुले आफ्नो घरमा धारा जोड्न खोजिरहेका छन । ती समस्याहरूको समाधान नया समिती निर्बाचित भएर आएमा समाधान गर्न लागि पर्ने थियो। यसको लागि पन साधरण सभा तथा अधिबेशन चाडो जुन जरुरी छ । खानेपानी जस्तै उदयपुर जिल्लामा संचालित विभिन्न सङघ सस्थाहरुको अधिबेशन समयमा गरेर सस्थालाइ चलायमान बनाउन अहिलेको समितिहरु लागू पर्नु पर्दछ ।लामो समय सम्म सस्था निकम्मा हुदा सस्थामा आर्थिक अपचलन हुने बढी संभावना हुन्छ । यी कुरहरु बाट जोगिन समितिहरु अब अधिबेशन तत्काल गर्न हत्तारिनुको बिकल्प छैन । त्रियुगा साना खानेपानी तथा सरसफाइ आयोजनामा पनि ठूलो आर्थिक कारोबार हुन्छ । जस्तो समितिका अनुसार अभै समितिलाइ ६ करोड बढी ऋण छ । त्यसो त समितिमा खानेपानी बापतको मासिक शुल्क पनि धेरै उठछ । यस्तै अपारदर्शी, कानुन बिपरित कार्य गर्नेहरुको उन्मुलन को लागि पत्रकारहरुले खबरदारी गर्नु पर्दछ । जिल्लामा रहेको बिभिन्म सामाजिक सङघ सस्थाहरु चलायमान बनाउनु पर्दछ ।


त्रियुगा उद्योग वाणिज्य संघको अत्यन्त जरुरी सूचना

त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्न उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सूचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर

# त्रियुगाको परदेशी एग्रो कृषि फर्ममा बर्षैनि त्रियुगा खोलाको कटान, फर्म बचाउने बाध निर्माणको माग

❖ बेदकुमारी राई








एक महिलाको एक्लो प्रयास र आँटमा संञ्चालन गरिएको त्रियुगाको एक कृषि फर्म बाढीको जोखिममा परेको छ। बर्षेनी त्रियुगा खोलाले कटान गर्दै आएको फर्मलाई यो बर्षको बाढीले पनि कटान गरेको छ ।

बाढीले कटान गर्दा फर्ममा लाखौँको क्षती पुगेको छ । त्रियुगा नगरपालिका वडा नं १ स्थित मदन भण्डारी सडकको बेल्टार जाने बाटो फुलजोर मुनीको परदेशी एग्रो कृषि फर्ममा त्रियुगा खोलाको बाढी छिर्दा लाखौँको क्षती भएको हो।फर्म संञ्चालक उस्मा राईका अनुसार बर्षेनी खोलाले कटान गर्दै आईरहेको अवस्थामा यो बर्ष पनि करिब अढाई बिघा जमिन र अन्य संरचनाहरुमा क्षती पुराएको छ।

यो बर्षको बाढी फर्म तर्फ हानिदा १४ लाख बराबरको संरचना र भौतिक वस्तुहरु बगाएको राईले बताईन्। बाढीले अढाई बिघा जमिन सहित ठुलो मात्रामा संरचनाका लागि ल्याएको बालुवा, ढुँगा र निर्माण गरिएको डिपिसी, कुखुराको चल्ला र अन्य भौतिक संरचनाहरु पनि नष्ट गरेको बताईन । बाढीको समस्याका कारण फर्मलाई जोगाउन निकै समस्या परेको उहाँले बताउनुभयो ।पटकपटक आएको बाढीले मानवीय क्षती नभएपनि कृषि उत्पादन, पशुचौपाय, जमिन र संरचनाहरुमा भने ठुलो क्षती गरेको हो ।फुलजोर खहरे र बरुवाको बाढीले दुवै पटिबाट फर्मलाई क्षती गरेको छ। बाढी रोक्न आफ्नै लगानी र नगरपालिकाको स्काभेटरले केहि वालुवा बोरा राखिदिएपनि त्यसले बाढीलाई थाम्नै नसकेपछि बाढी फर्म तर्फ छिरेको हो । राईले आफु बस्ने संरचनामा सबै पानी गरेपनि त्यहाँको उत्पादन र पशुचौपायहरु भने जोखिम अवस्थामा रहेको बताउनुभयो ।बाराम्बार एउटा कृषि फर्ममा बाढीले क्षती पुराएपनि स्थानीय निकायहरुले भने कुनै पनि चासो नदिएको संञ्चालक उस्माको गुनासो छ । उहाँले कृषि क्षेत्रमा सरकारको निकै ठुलो लगानी छ भनिन्छ फर्ममा बाढीले यत्रो क्षती पुराउँदा पनि कुनै सहयोग र बाँध निर्माणको लागि प्रयास गरिएको छैन्, उहाँले भन्नुभयो उहाँले यो समस्या प्रति स्थानीय सरकारको रुपमा रहेको रोकथाम गर्न सके बर्खामा पनि तरकारी उत्पादन गरी आत्मानिर्भरमुखि निरन्तर रहने उहाँको भनाई छ ।


# बिके किराना पसल




३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई

# द्वन्द्वपीडित परिवारलाई राहत बितरण

❖महेश्वर चाम्लिङ राई



*उदयपुर, साउन ८*

महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालले विपन्न परिवारलाई राहत उपलब्ध गराएको छ । कोविड कहरले थिलथिलो भएका उदयपुरका २० घरधुरी द्वन्द्व पीडित परिवारलाई ओरेकले राहत प्रदान गरेको हो ।

कोविडका कारण जारी निषेधाज्ञाका कारण द्वन्द्व पीडित परिवारलाई दुई छाक टार्न मुस्किल परेपछि कोभिड १९ द्रुत प्रतिकार्य समूहको समन्वयमा नागरिक आवाज र ओरेक नेपालले राहत उपलब्ध गरेका हुन् । उनीहरुलाई पायक पर्ने गरी गाउँमै लगेर राहत बितरण गरिएको नागरिक आवाजका जिल्ला प्रतिनिधि कल्पना ढकालले बताईन् ।

कोविडका कारण जारी निशेधाज्ञाले प्रभावित परिवारहरु काम गरेर खान सक्ने अवस्थामा नभएको र स्थानीय सरकारलेसमेत राहतको व्यवस्था नगरेकाले यस्तो सहयोग गरिएको ढकालले बताईन्

ओरेकले उनीहरुलाई चामल, दाल, चना, मटर, नुन, तेललगायत खाद्य सामग्री उपलब्ध गराएको ओरेकका कार्यक्रम संयोजक पम्फा पुरीले बताएकी छिन् । वाहिर गएर काम गर्नसक्ने वातावरण नभएकाले तत्काल घरमै बस्ने वातावरण बनाउन राहत सहयोग गरिएको उनको भनाई छ । स्थानीयतहले उपलब्ध गराएको बिबरण अनुसार बेलका र चौदण्डीगढी नगरपालिकाका १३ र त्रियुगा नगरपालिकाका ८ गरी २० घरधुरी परिवारलाई राहत दिइएको छ ।

कोभिड १९ द्रुतप्रतिकार्य समुहका सदस्य सागर नेपालका अनुसार प्रदेश संयोजक महेश्वरी राई, जिल्ला संयोजक भरत खड्का, सदस्य तुलसीराम चौलागाईलगायत टोलीले उनीहरुलाई राहत बितरण गरेको हो ।


रौताको शुद्ध पानी, सुरक्षित जिन्दगानी...

हिमाल, पहाड, तराई, सहरदेखि गाउँ-गाउँसम्मको रोजाई पवित्र रौता पोखरीको मुहान त्रियुगा नदीबाट उत्पादित शुद्ध मिनिरल वाटर रौता पानी सँधै सबैले प्रयोग गरौं ।






प्रोपाइटर - पर्शुराम चौधरी, फोनः ९८५२८३५०३७

त्रियुगा नगरपालिका - ३ मोतिगडा, उदयपुर



मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा ।

ब्यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०




१, आलु रु ४०
२, अदुवा रु १६०
३, टमाटर रु ६०
४, बन्दा रु ७०
५, भेन्टा रु ८०
६, खुर्सानी रु २००
७, मुला रु ४०
८, पर्बल रु १००
९, तितेकरेला रु ६०
१०, भिन्डी रु ८०
११, च्याउ रु २४०
१२, फुलकोबी रु १६०
१३, फर्सि रु ५०
१४, कटहर रु ४०
१५, काका रु ८०
१६, धनियाँ रु ८०
१७, लोकलबोडि रु ८०
१८, खर्बुजा रु ४०
१९, रायो साग रु १००
२०, लट्टे साग रु ६०
२१, प्याज रु ७५
२२, निगुरो रु २५
२३, दुध रु ७०
२४, दहि रु ९०
२५, महि रु ५०
२६, घिउ रु ७००
२७, रागाको मासु रु ४००
२८, बंगुरको मासु रु ४००
२९, खसिको मासु रु १०००


मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा ।

यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०



गाईघाटे सेकुवा कर्नर...



सम्पर्क – ९८६२९३६१९० ९८१९७४५०६७

स्थान – गाईघाट टेम्पुचोक



नारायणी ग्याँस गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना

सम्पर्क मो. - ९८१९३३२३३२

स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण ।



क्याप्सन - एएफसी महिला एशियन कप छनौटको लागि नेपालको महिला राष्ट्रिय टोली सातदोबटोस्थित एन्फा कम्प्लेक्समा ट्रेनिङ गर्दै

तस्विर-साभार







त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३७५८२





# प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४




प्रोपाइटर - कैलाश चामलिङ राई।
सम्पर्क - ९८६२८३४६५६


माझखर्क सामाजिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट